# गोसाईकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रुवेशी,रसुवा
बागमती प्रदेश,नेपाल

प.स.:२०८१।०८२
चलानी नं.

**अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर.)कार्यक्रम संचालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना।**

**(प्रथम पटक सूचना प्रकाशित मिति:-२०८१।११।१९)**

गोसाईकुण्ड गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को बार्षिक कार्यक्रम अनुसार अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गर्नका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको **"स्थानीय तहमा विनियोजित ससर्त अनुदानको बार्षिक कार्यान्वयन मार्गदर्शन,२०८१।०८२ तथा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि,२०८०"**मा उल्लेख गरिएका शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित संस्थालाई छनौट गर्ने यस कार्यालयको मिति २०८१।११।१८ गतेको निर्णयानुसार उक्त कार्यक्रम संचालनका निम्ति तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालय अन्तरगत महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा सम्झौता गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै,उक्त अवधीभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रममा रहेका संस्थालाई छनौट गरिने व्यहोरा समेत अनुरोध छ।

तपसिल

| क्र.सं. | संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | रसुवा अपाङ्ग पुनर्स्थापना केन्द्र,नेपाल | धुन्चे,रसुवा | राज तामाङ | सफल |
| २ | अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापन केन्द्र | बनेपा न.पा.-११ काभ्रेपलाञ्चोक | नित्र बहादुर देउजा | वैकल्पिक |

<u>आवश्यक कागजातहरु:-</u>

(क) सम्झौता गर्ने सम्बन्धी निवेदन
(ख)संस्थाको निर्णयको प्रमाणित प्रतिलिपि
(ग) सम्वन्धित व्यक्तिलाई अख्तियारी प्रदान गरिएको पत्र
(घ) संस्था कालोसूचीमा नपरेको सम्बन्धि स्वघोषणा पत्र
(ङ) कार्यक्रम संचालन सम्बन्धि प्रतिबद्धता पत्र
(च)अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि

.....................................
धुलेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

Scanned with CamScanner